आज मिति २०७७ साल श्रावण ५ गते यस सत्यवती गाउँ कार्यपालिकाको वैठक अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा तपशीलको उपस्थितिमा वसी तपशील वमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

अध्यक्ष- श्री पारिश्वर ढकाल

उपाध्यक्ष- श्री सुवर्ण शाही शेरचन

सदस्य- श्री भीमलाल पाण्डे

सदस्य- श्री दधिराम कुँवर क्षेत्री

सदस्य- श्री रुकवहादुर राना

सदस्य- श्री दानवहादुर राना

सदस्य- श्री ओमप्रकाश भण्डारी

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री लोकवहादुर वुढाथोकी

सदस्य- श्री सन्तकुमार थापा

सदस्य- श्री हरिप्रसाद वि.क.

सदस्य- श्री मिना दमाई

सदस्य- श्री होमवहादुर भुजेल

सदस्य- श्री तेजकुमारी थापा

सदस्य- श्री मनमाया थापा

सदस्य- श्री नरमाया थापा राना

सचीव- श्री यादव भण्डारी

**बैठक संख्याः १- ०७७/७८** **मिति** : २०७७/०४/०५

**प्रस्तावहरुः**

**प्रस्ताव नं.१ः** कासमू फारम स्वीकृत गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.२ः** प्रदेश सरकारसमक्ष आयोजना निरन्तरताका लागि सिफारीस सम्बन्धमा।

**निर्णय नं.१ः** लोक सेवा आयोगबाट सिफारीस लिई सत्यवती गाउँपालिकाबाट नियुक्त भई सत्यवती गाउँ कार्यपालिकाको कार्यालय र मातहतमा हाजिर भई कार्यरत कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन फाराम नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त फारमलाई नै स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.२ः** सत्यवती गाउँपालिकामा गत वर्ष श्रावण ७ गते गएको भीषण पहिरोका कारण भएको भौतिक पुर्वाधारतर्फको क्षतिको पुनर्निर्माण एवम् विस्थापित नागरिकको पुनः स्थापनाका लागि आवासतर्फ प्रदेश सरकारबाट विशेष अनुदानतर्फ विनियोजित बजेट गत आब ०७६/७७ मा खर्च हुन नसकेकोमा सोही आयोजनाहरुलाई यस आबमा निरन्तरता दिनका लागि प्रदेश सरकारमा सिफारीस गर्ने निर्णय गरियो।